वर्ष १८ | अंक २४१ | नेपाल संवत् ११४० | २०७७ असार ३० गते मंगलबार | 14 July 2020 | पृष्ठ ४ | मूल्य रु. ५

जाति, धर्म, वर्ण र लिङ्गका
आधारमा विवाद
नगरौं, एकअर्का मिलेर अघि बढौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक






आइतबार रातिदेखि परेको भीषण वर्षापछि तनहुँको बुल्दीखोलामा आएको बाढीले डुबानमा परेका घर। *तस्वीर : कृष्ण न्यौपाने/रासस*

## एन्फा कास्कीमाथि छानबिन

# 'अपारदर्शी संस्थालाई नवीकरण'

**अनुप पौडेल**
पोखरा, २९ असार

एन्फा कास्कीमाथि छानबिन गर्न बनाइएको समितिले प्रतिवेदन तयार पारेको छ ।विभिन्न प्रतियोगिताको हिसाबकिताबबारे छानबिन थालेको अखिल नेपाल फुटबल संघ एन्फाका उपाध्यक्ष वीरबहादुर खड्का नेत्तृत्वको टोलीले ११ दिन लगाएर छानबिन प्रतिवेदन तयार पारेको हो ।

पोखरामा सोमबार आयोजित पत्रकार सम्मेलनमा छानबिन समितिका संयोजक खड्काले आफूहरुले तयार पारेको प्रतिवेदन केही दिनमै एन्फा केन्द्रीय समितिलाई बुझाइने जानकारी दिए। प्रतिवेदनमा कति बुँदा समेटिएको छ भन्ने छानबिन समितिले खुलाएको छैन ।

संयोजक खड्काले आफूहरुको छानबिनमा आशंका गर्ने ठाउँ नभएको दाबी गरे । 'कास्की जिल्ला फुटबल संघबारे जुन विषय उठेको छ । उजुरी परेको छ, त्यसमा हामीले इमान्दारिताको साथ छानबिन गरेका छौं,' उनले थपे, 'कसैको दबाब, प्रभाव र लोभमा फसेका छैनौं । कसैलाई च्याप्नुपर्ने, बचाउनुपर्ने र डुबाउनुपर्ने अवस्था छैन ।'

एन्फा कास्कीका अध्यक्ष मिलन गुरुङविरुद्ध बैंकिङ कसुरमा मुद्दा परेपछि छानबिन हुनुपर्ने आवाज उठ्दै आएको थियो । विवाद पेचिलो बन्दै गएपछि एन्फा केन्द्रको असार २ गते बसेको बैठकले विभिन्न ६ विषयमा छानबिन गर्ने गरी उपाध्यक्ष खड्का संयोजक रहेको ३ सदस्यीय समिति बनाएको थियो ।

समितिको सदस्यमा विष्णुप्रसाद पराजुली (अडिटर) र एन्फा कास्कीका पूर्वाध्यक्ष आनन्द रन्जित सदस्य छन् ।



एन्फा कास्कीमाथि भएको छानबिनबारे जानकारी गराउँदै समिति संयोजक खड्का। साथमा समिति सदस्य आनन्द रन्जित (दायाँ) र विष्णुप्रसाद पराजुली (बायाँ) । *तस्बिर - अनुप/समाधान*

**एन्फा उपाध्यक्ष खड्का नेत्तृत्वको टोलीले ११ दिन लगाएर छानबिन सकेको हो**

समितिले २०७५ सालमा आयोजित मनकामना कप, जिल्लास्तरीय लिग फुटबल, प्रदेश र जिल्लास्तरीय अन्तर विद्यालय फुटबल प्रतियोगिता लगायतको आर्थिक कारोबारबारे छानबिन गरेको हो।

पत्रकार सम्मेलनमा बोल्दै संयोजक खड्काले अनियमियता भएकोतर्फ पनि संकेत गरे। उनले भने, 'यहाँ सही काम भएको भए छानबिन गर्नुपर्ने आवश्यकतै थिएन । यहाँ अनियमितता भयो, घोटाला भयो भनेर उजुरी परेपछि त हामी आएको हो ।' छानबिन समितिका संयोजक खड्काले केन्द्रमा प्रतिवेदन बुझाइसके पछि अनियमितता भए/नभएको विषय बाहिर आउने बताए । प्रतिवेदन बुझाएको १५ दिनभित्र सबै बिल साधारण सभाबाट पास गराएर सार्वजनिक गर्न जिल्ला फुटबल संघलाई भनिएको संयोजक खड्काले जानकारी दिए ।

छानबिन गर्न बनाइएको यो पहिलो समिति भने होइन । यसअघि पनि एन्फाले केन्द्रीय सदस्य रत्नकुमार श्रेष्ठको संयोजकत्वमा ३ सदस्यीय छानविन समिति बनाएको थियो । संयोजक श्रेष्ठले राजीनामा दिएपछि छानबिन अघि बढ्न पाएन ।

**एन्फा केन्द्रको पनि गल्ती!**

एन्फा कास्कीको अनियमितता छानबिन गर्न पोखरा आएको समितिले केन्द्रले पनि गल्ती गरेको औंल्याएको छ । वार्षिक लेखा परीक्षण नगरेको संस्थालाई नवीकरण गरेको पाइएको समितिका सदस्य विष्णुप्रसाद पराजुलीले बताए ।

कुनै कार्यक्रम गरेको १ महिनाभित्र आयव्यय सार्वजनिक गर्नुपर्ने भए पनि एन्फा कास्कीमा आम्दानी/खर्च अपारदर्शी देखिन्छ ।

'नियमपूर्वक भए/नभएको हामीले पोइन्ट आउटमात्रै गर्दिने हो । कुनै कार्यक्रम गरेको १ महिनाभित्र आयव्यय सार्वजनिक गर्नुपर्ने भए पनि संस्थाले त्यो गरेको छैन,' समिति सदस्य पराजुलीले भने, 'वार्षिक लेखा परीक्षण नगरेको संस्थालाई एन्फाले नवीकरण गर्न नहुने थियो, त्यो पनि गरेछ ।"

**मनकामना कपमा २९ लाख नोक्सान**

मनकामना कपको छैटौं संस्करणमा २९ लाख १७ हजार नोक्सान भएको पाइएको छ । एन्फा कास्कीले सञ्चालन गर्दै आएको उक्त प्रतियोगिता नियमित हुँदैन । पछिल्लोपटक २०७५ सालमा भएको प्रतियोगितामा झन्डै ९२ लाख खर्च भएको छानबिन समितिले जनाएको छ ।

प्रतियोगिता सञ्चालन गर्न ९२ लाख ९८ हजार १ सय ६४ रुपैयाँ खर्च भएको समिति संयोजक खड्काले जानकार दिए । त्यसमा ६३ लाख ८० हजार ८ सय रुपैयाँ संघको आम्दानी छ ।

विभिन्न ३७ व्यक्ति र संघसंस्थालाई एन्फा कास्कीले पैसा तिर्न बाँकी छ । संघले २४ लाख ९८ हजार ९ सय रुपैयाँ तिर्न बाँकी रहेको संयोजक खड्काले जानकारी दिए ।

एन्फा कास्कीले सञ्चालन गरेको जिल्लास्तरीय लिग फुटबलको रकम विजेताले पाइसकेका छैनन् । 'जिल्ला कपको पैसा १५ दिनभित्र तिर्न भनेका छौं । रेफ्री, विजेता र उपविजेताको पैसा बाँकी छ । रेफ्रीलाई आउँदो १ गतेभित्र दिन्छु भन्नुभएको छ,' समिति संयोजक खड्काले भने ।

# मनसुनपछि ८५ को मृत्यु, ४६ बेपत्ता

**राष्ट्रिय समाचार समिति**
काठमाडौं, २९ असार

सरकारले यस वर्षको मनसुन सुरु भएयता बाढी र पहिरोमा परी ८५ जनाको मृत्यु हुनका साथै ४६ जना बेपत्ता भएको जानकारी दिएको छ। प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा मुलुकका विभिन्न भागमा भएका बाढी र पहिरोका घटनाबाट १ सय ३४ घर पूर्णक्षति भएको गृहमन्त्रालयका सचिव महेश्वर न्यौपाने बताए ।

विसं २०७२ को भूकम्पबाट अतिप्रभावित सिन्धुपाल्चोक, गोरखा र रसुवालगायतका जिल्ला नै बाढी पहिरोबाट अति जोखिम क्षेत्रका रुपमा रहेको जानकारी दिँदै गृहमन्त्रालयले हालसम्मको अवस्था विश्लेषणबाट प्रदेश नं २ का जिल्लामध्ये रौतहट बढी प्रभावित पाइएको बताएको छ ।

बाढी पहिरोबाट १४ जिल्लाका ११ हजार घर उच्च जोखिमा रहेकामा ७ सय ७ घर भने तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको जानकारी दिइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले बाढी र पहिरोबाट मध्यपहाडी र डुबानबाट तराईका जिल्ला अति जोखिममा रहेको जानकारी दिए ।

उनले भने, 'विगत १० वर्षको मनसुनको अध्ययन विश्लेषण गर्दा मनसुन सुरु भएको ३० दिनको पहिलो अवधि बाढी पहिरोका हिसाबले डरलाग्दो हुने गरेको छ ।' बाढी पहिरोका जोखिमलाई दृष्टिगत गरी विपद् व्यवस्थापन प्रतिकार्य योजना बनाएर काम गरिरहेको जनाउँदै मन्त्रालयले विभिन्न स्थानमा राहत र उद्धार सामान व्यवस्थापन गोदाम र मानवीय सहायता केन्द्र स्थापना गरेको जनाएको छ ।

बाढी पहिरोबाट हालसम्म पर्वत, पाल्पा, बझाङ, गुल्मी, सिन्धुपाल्चोक, रुकुम, कास्की, जाजरकोट, दोलखा, सर्लाही, तनहुँ र सखुवासभा जिल्लामा जनधन को क्षति भएको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा अहिले एक अर्ब ८० करोड रकम मौज्दात रहेको सो अवसरमा जानकारी दिइयो । भूकम्पले धाँजा बनाएको पहाड, लगातार धेरै वर्षात् र अवैज्ञानिक तवरमा हुने विकास निर्माणले बाढी पहिरोका घटनालाई बढाउन सहयोग पुऱ्याएको मन्त्रालयको भनाइ रहेको छ ।

**Pokhara Metropolitan City**
**Office of Municipal Executive**
Newroad, Pokhara
**Gandaki Province, Nepal**

## NOTICE OF INTENT OF ACCEPTANCE

*Date of Publication 2077/03/30 (14th July, 2020)*

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids/ sealed quotations for the contracts as per the IFB Notice published on different dates on different National Daily, that the following mentioned Lowest evaluated substantial responsive bidders are intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount (Excluding VAT& PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1. | Construction of Arjun Jyoti Library, PMC-13 | 81/PMC/NCB/W/076-77 (IFB No: 36.5/PMC/076-77) | L.N Construction and Suppliers Pvt. Ltd. | 26,34,398.00 | 16th March , 2020 |
| 2. | Upgrading of Krishi Campus Chowk Tallo Adhikari Thar Samma Road,PMC-19 | 70/PMC/NCB/W/076-77 (IFB No: 33.2/PMC/076-77) | City Builders, Pokhara | 16,41,311.0 | 2nd March 2020 |
| 3. | Construction of Drain and Upgrading of Road Near Bridge Joining Ward 25 and Ward 19, PMC-25 | 93/PMC/NCB/W/076-77 (IFB No: 40.2/PMC/076-77) | Chandra Bishnu Construction, Pokhara | 27,12,787.00 | 26th May 2020 |
| 4. | Construction of Drainage Near Gandaki Boarding School, PMC-19 | 88/PMC/NCB/W/076-77 (IFB No: 39.1/PMC/076-77) | Pumdikot Builders, Machhapuchhre | 23,20,757.00 | 19th May 2020 |

*Procurement Officer*

## सम्पादकीय

# विपद् व्यवस्थापन खै ?

यस वर्ष अधिक मात्रामा पानी पऱ्यो । जताततै बाढि र पहिरोको कहर देखा पऱ्यो । वर्षेनि नभए पनि बेलाबेला यस्तो कहर नेपालमा देखा परिरहन्छ । औसतमा वार्षिक २ सय मानिसले नेपालमा बाढी र पहिरोबाट ज्यान गुमाउँछन् । हजारौंले बासस्थान गुमाउँछन् । तर जब बर्खा लागेर यस्ता विपद् आउँछन्, तबमात्रै सरकारको होस खुलेजस्तो हुन्छ । हिउँद लागेपछि यस्ता कुरामा सरकार हराउँछ । २०६९ सालको वैशाखमा पोखराको सेती नदीमा अचानक बेमौसमी बाढी आउँदा १ सय जनाले ज्यान गुमाए । कैयौं अझै वेपत्ता छन् । त्यसपछि बाढी र पहिरोबाट जोगिन गरिने पूर्व सूचना र पूर्वाधारका निकै धेरै चर्चा भयो । सेतीमै पनि ठाउँठाउँमा बाढीको संकेत गर्ने यन्त्रहरु जडान गरिए । तर पछिल्लो समय ती सूचकहरु बिग्रे । फेरि कसैले वास्ता गरेन ।

कच्चा पहाड भएका भित्तामा बस्तीहरु छन् । नदी किनारमा बस्तीहरु छन् । खोलानालाहरु मिचेर संरचना बनेका छन् । तिनलाई व्यवस्थित गर्ने सन्दर्भ वास्तवमा बर्खाको बेला होइन । दीर्घकालीन नीति नै बनाएर जोखिमपूर्ण ठाउँका बस्ती व्यवस्थित गर्नुपर्ने हो । तर अरु बेला सरकार सधैं कानमा तेल हालेर मात्रै बस्छ । अपर्झट आउने विपद् र त्यसको व्यवस्थापनमा सरकार सधैं चुक्छ । म्याग्दीमा यो साता ३० भन्दा बेसीले पहिरोमा ज्यान गुमाए । हजार परिवार त्यहाँ विस्थापित भएका छन् । पहिरो गएको ३६ घन्टासम्म पनि पीडितले उद्धार पाएनन् । गर्भवती र सुत्केरी, वृद्धवृद्धा तथा बालबालिकालाई निकै सास्ती भयो । २५ गते असारको म्याग्दीको त्यो पहिरोका पीडितहरुको अझै व्यवस्थापन भएको छैन । सरकारको उपस्थिति हुन सकेको छैन । न बाटाघाटा गतिला छन् न त सरकारी तत्परता नै । पीडा जसलाई पऱ्यो, पऱ्यो । उसैले भोग्ने र सरकार रमिते बन्ने मात्रै भएको छ । सडक पुलसमेत बगाएर ठाउँठाउँको सम्पर्क र सम्बन्ध बिच्छेद हुँदा पहिरो पीडितहरु बिलखबन्दमा छन् । सरकारलाई यस्ता कुराले छुँदैन ।

ठाउँठाउँमा विपद्को पूर्व सूचनाको पूर्वाधार बनाउने, तिनको नियमित अद्यावधिक गर्ने काम अब नियमित हुन जरुरी छ । जहाँ जस्तो सुकै परिस्थितिमा पनि सरकारले आफ्नो उपस्थिति देखाउन सक्ने, विपद्मा परेकालाई तत्कालै उद्धार गर्न सक्ने संयन्त्रको विकास नगरी हुँदैन । बस्ती व्यवस्थापनको कुरा पनि छँदैछ । तर विपद्को तयार जसरी पञ्चायतकालदेखि नै नाममात्रैको छ, अब यसरी नै चल्दैन । सरकार छ भन्ने अनुभूति चाहिने भनेकै यस्ता विपद्का बेलामा हो, होइन भने दुर्गमका निमुखाहरुले कहिले पो यो देशमा सरकार छ भन्ने अनुभूति गर्न पाएका छन् र ? सरकार छ त माफियाहरुका लागि, नाफाखोरहरुका लागि । यही बिडम्बना सधैं रहने हो भने मुलुकमा नयाँ संविधान बनेको औचित्य के ? संविधानमा हरेक नागरिकलाई गासबासको ग्यारेन्टी गर्नुको अर्थ के ? सरकारमा बस्नेहरुले आफ्नो औचित्य पुष्टि गरुन् ।

समाधान
राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि
article.samadhan@gmail.com

## भोलिको पञ्चाङ्ग

सूर्य उत्तरायण, ग्रीष्मर्तुः, प्रमादी नाम संवत्सर, श्रीशाके १९४२,सम्वत २०७७ साल असार ३१ गते बुधबार नेपाल सम्बत ११४० दिल्लागा तदनुसार,सन् २०२० जुलाई १५ तारिक श्रावण कृष्णपक्ष दशमी तिथि राती ८ वजेर ३३ मिनेटसम्म, भरुणी नक्षत्र अपरान्ह ४ वजेर २ मिनेटसम्म, शूलयोग,वणिजकरण,आनन्दादियोग काण, सूर्य मिथुन राशीमा, चन्द्रमा राती १० वजेर ३५ मिनेटसम्म मेष उप्रान्त वृष राशीमा ।

जिज्ञासाको लागि : ९८५६०२६३९७
gurupatrakar@gmail.com

# प्रधानमन्त्री ढाल्ने 'रणनीतिक प्रचार'



जगत नेपाल

**जनआन्दोलन सफल भएर सरकार बनाउँदासमेत कोइराला सेनासँग पूर्णरुपमा आश्वस्त हुनसकेका थिएनन् ।**

बीस वर्षअघिको कुरा हो । माओवादी विद्रोह चरममा थियो । दिनहुँ दसौं प्रहरी मारिएको खबर आइरहन्थ्यो । यस्ता घटनाले विद्रोही उत्साहित हुनेथिए भने प्रहरी प्रशासनको मनोबल गिरेको थियो । सेना परिचालनबाहेक माओवादी तह लगाउने अर्को विकल्प छैन भन्ने राष्ट्रिय बुझाइ बनिसकेको थियो ।

त्यहीबीच २०५८ असार २८ गते रोल्पाको होलेरीमा साठीभन्दा बढी प्रहरी माओवादी अपहरणमा परे । रातभर चौकी खाली गरेर बाहिरै सुत्दै आएका प्रहरी बिहान सबेरै फर्किएपछि माओवादीको कब्जामा परेका थिए । सरकारले अपहरणमा परेका प्रहरी र लुटिएका हतियार मुक्त गर्ने जिम्मेवारी तत्कालीन शाही नेपाली सेनालाई दियो ।

प्रधानसेनापति प्रज्ज्वलशमशेर राणालाई राजा ज्ञानेन्द्रकै सामु राखेर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले यस्तो आदेश दिएका थिए । त्यसपछिका हरेक दिन सेनाले बालुवाटारमा ठूलो नक्सा राखेर प्रधानमन्त्रीलाई नियमितरूपमा 'ब्रिफ' गर्न थाल्यो । जर्नेलहरुको भनाइ रहन्थ्यो – माओवादीका माथिल्लो तहका अधिकांश नेता होलेरीमै छन् र उनीहरुलाई सेनाले घेरामा राखेको छ ।

असार २९ देखि शाही सेनाले होलेरीलाई घेरा हालेको र घेरा साँघुरो बनाउदै लगेको एकोहोरो प्रचार सञ्चार माध्यममा भइरहयो । रक्षा र गृह मन्त्रालय अनि उच्च सैनिक अधिकारीलाई उद्धृत गर्दै सञ्चार माध्यमले यस्तो समाचार प्रवाह गरिरहे । 'नेपाल पाक्षिक' (२०५८ साउन (६–२२) म्याजेजिन लेख्छ – 'नेपाली र अन्तर्राष्ट्रिय संस्थामा समेत कहिल्यै नभएको घेराबन्दीका समाचार आइरहे ।'

तिनताका नेपाली राजनीतिमा दरबार, सरकार र माओवादी तीनै पक्ष सूचना युद्धमा थिए । पूर्वप्रधानसेनापति रुक्माङगद कटवालले लेखेका छन् – 'वास्तविकता चाहिँ माओवादीसँग भिड्न भनेर पठाइएको सेनाको एउटा प्लाटुन आफैं होलेरीमा माओवादी घेराबाट उम्किन सकेको थिएन ।'

होलेरी घटना हुँदासम्म सेनासँग भिडिहाल्ने माओवादीको नीति थिएन । अर्कोतिर दरबार सेना परिचान रोकेर माओवादीलाई विश्वासमा लिन चाहन्थ्यो भने सेनामाथि भर गर्नेबाहेक सरकारसँग अर्को विकल्प थिएन । तैपनि सेनाका जर्नेलहरु दिनहुँ ठूलो नक्सा बोकेर बालुवाटारमा प्रधानमन्त्रीलाई ब्रिफ गर्थे – प्रधानमन्त्रीज्यू, सेना यहाँ पुगेको छ । यति माओवादी घेराउमा छन् । धेरै पछिसम्म पनि जर्नेल तहका कतिपय सैनिक अधिकारीले प्रधानमन्त्रीलाई किन गलत 'रिपोर्टिङ' भयो भन्ने रहस्य पहिल्याउन सकेनन् ।

प्रधानमन्त्री कोइरालालाई साँचो सूचना दिनेमा सांसद नारायणसिंह पुनबाहेक अरू कोही पनि भएन । नेपाली सेनाका पूर्वकर्णेल पुनले भनेका थिए– 'गिरिजाबाबु होलेरीमा केही भएको छैन, यो सबै नाटकमात्र हो ।' कोइराला सरकारमा जलस्रोत राज्यमन्त्री बेनुपराज प्रसाईंले सुनाए 'तिनताका म भाटभटेनीमा बस्थें । प्राय: बालुवाटार गइरहन्थें । त्यस दिन पुनजी आउनुभयो र भन्नुभयो एकदमै जरुरी छ मैले गिरिजाबाबुलाई भेट्न पाउनु पऱ्यो ।'

प्रसाईंका अनुसार त्यो दिन निक्कै समय कुरेपछि मात्र पुनले प्रधानमन्त्री कोइरालालाई भेट्न सके । कारण त्यति बेला प्रधानसेनापतिसहित जर्नेलहरु होलेरीका विषयमा बालुवाटारमा प्रधानमन्त्रीलाई 'ब्रिफ' गरिरहेका थिए । सेना बाहिरिएपछि मात्र पुनले प्रधानमन्त्रीसँग कुरा गर्न पाए ।

'पुन : सम्माननीय ज्यू, आर्मीले होलेरीबाट सबै सेना फर्काउँदै छ । मसँग हेलिकप्टर मागेको माग्यै छ (सांसद पुन हेलिकप्टर कम्पनी चलाउँथे ।)

कोइराला : (आवेशमा) तपाईं आर्मी हो ? अब तपाईं राजनीतिकर्मी भइसक्नु भयो ।

पुन : (केही बोल्न सकेनन्)

कोइराला : मलाई सेना प्रमुखले 'ब्रिफ' गरिरहेका छन् । खराब मौसमका कारण सेनालाई त्यहाँ पुग्न कठिन छ भनेर तपाईं यस्तो कुरा गर्ने ?

कोइराला सेनासँग विश्वस्त थिए । उनले पुनलाई भनिदिए – 'बढी कुरा गर्ने, तपाईं प्रधानमन्त्री कि म ।'

यस प्रसंगमा प्रधानमन्त्री कोइरालाका निजी सचिव गोकर्ण पौडेलले सुनाए 'म त्यहीं छु । पुन फर्किनु भयो । त्यतिन्जेल गिरिजाबाबु सेनाको सूचनामा आश्वस्त हुनुहुन्थ्यो । पुनको भनाइलाई महत्त्व नै दिनु भएन ।'

यसै प्रसंगमा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख देवीराम शर्माको रिपोर्ट पनि प्रधानमन्त्रीलाई आइरहेको थियो – होलेरी सेनाको घेराउमा छैन । न त ठूलो अप्रेसनका लागि दाङमा सेनाको तयारी देखिन्छ ।

त्यतिन्जेल सेना र माओवादीबीच एक अर्काविरुद्ध नलड्ने सहमति भइसकेको थियो । तर, प्रधानमन्त्री कोइराला त्यसबारे अनभिज्ञ थिए । अनि मिडियामा एकोहोरो समाचार प्रवाह भइरह्यो – होलेरीमा सेनाले घेरा हालेको छ र घेरा साँघुरो बनाउँदै लगेको छ ।

तत्कालीन रक्षामन्त्री महेश अचार्यले यस प्रसंगमा लेखकलाई भनेका थिए – 'मनोवैज्ञानिक लडाइँका लागि सेनाले घेराउ गरेको र घेरा साँघुरो बनाउँदै लगेको प्रचार गरियो ।' माओवादीलाई हतास बनाएर अपहरणमा परेका प्रहरीको हत्या नहोस् र जनतामा सरकारले प्रयास गरिरहेको छ भनेर आशा जोगाउन सकियोस् भनेर अपनाइएको त्यो एउटा रणनीतिक प्रचारमात्र थियो ।

सेनासमेत माओवादीको घेरामा छ भन्ने सूचना बाहिरिएको भए राज्य पूरै विफल भएको सन्देश जाने थियो ।

पूर्व रक्षामन्त्री आचार्यले सम्झिए 'हेलिकप्टरमा झारिएको सेनाको एउटा प्लाटुन माओवादीसँग मुठभेडको अवस्थामा थियो । अर्कोतिर माओवादीले गाउँलेलाई मानव ढालको रुपमा प्रयोग गरेका थिए ।'

आचार्यले सुनाए – 'बन्दुक लिएर बसेका थोरै मान्छे, सबै सकिनु परे पनि सकिने तर धेरै मान्छे मारिदिने परिस्थितिमा बसेका छन् । जे गर्दा पनि युद्ध जित्ने अवस्था छैन । यही कुरालाई 'डिफ्युज' गर्न एउटा मनोवैज्ञानिक प्रचार हामीले गऱ्यौं । २ दिन पायौं भने हामी जताततैबाट घेरेर घेरा साँघुरो बनाउँदै 'ट्र्याप'मा पार्न सक्छौं ।

तत्काल 'एक्सन' नगरेपछि त त्यसैमा भरोसा गनेबाहेक हामीसँग पनि त अर्को विकल्प केही थिएन । राज्य सम्पूर्णरुपमा हारेको देखियो । त्यो असफलताले अन्यत्रतिर आक्रमणका निम्ति माओवादी हौसिने डर थियो । हाम्रो प्रहरी संरचनाको मनोबल ध्वस्त भइसकेको अवस्था थियो । त्यसैले उनीहरु घेरामा छन् भन्ने प्रचारवाजी चलाइयो प्रेसमार्फत । सेना र गृहले पनि त्यही गऱ्यो ।'

यस सन्दर्भमा पूर्वप्रधानसेनापति रुक्मांगद कटवाल लेख्छन् –'सेनाको नेतृत्वले राजालाई पक्कै यसरी ढाँटेन, सही साँचो नै 'रिपोर्टिङ' गऱ्यो । प्रधानमन्त्रीलाई चाहिँ किन सही विवरण भनिएन, मैले पनि बुझिन । सरकार प्रमुखलाई विस्तृत जानकारी दिएको भए, यो असमझदारी उत्पन्न हुने थिएन ।'

होलेरी काण्ड प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राजीनामा गर्न बाध्य बनाउन दरवार र माओवादीबाट रचिएको नाटक थियो भन्ने कोइरालाले धेरैपछिमात्र थाहा पाए । पूर्व गृहमन्त्री गोविन्दराज जोशीले लेखकसँग भनेका छन् – 'अनकन्टार डाँडामा रहेको एउटा प्रहरी चौकी घेरेर माओवादीले कौनसा ठूलो सफलता पाएका थिए ? तर, त्यसलाई अत्यन्त ठूलो घटनाका रुपमा चित्रित गरियो । यो घटनामा सेनाले प्रधानमन्त्रीलाई गलत 'रिपोर्टिङ' गर्ने र प्रधानमन्त्रीले गलत सूचना दिएर मुलुकलाई ढाँटेको हल्ला पिटाउने अनि संसद्मा माफी मगाएर राजीनामा गर्न बाध्य बनाउने रणनीति थियो ।'

होलेरी काण्डमा दरवार र सेनाले धोका दिए पछि राजीनामा गर्न बाध्य भएका प्रधानमन्त्री कोइराला धेरै पछिसम्म पनि त्यस विषयमा उच्च सैनिक अधिकारीहरूलाई छेडछाड गरिरहन्थे भन्ने प्रसंग पूर्व प्रधानसेनापति कटवालको पुस्तकमा छ । विसं २०६२ र०६३ सालको जनआन्दोलनपछि प्रधानमन्त्री बन्दासमेत उनलाई परेको थियो । 'राजा र सेना मिलेर मलाई एक्ल्याए । फेरि पनि धोका हुन्छ कि ? भन्ने आशंका उनमा थियो । त्यसैले शान्ति प्रक्रियाको नेतृत्व गरिरहेका प्रधानमन्त्री कोइराला राष्ट्रिय सेनाभन्दा माओवादीलाई विश्वास गरिरहेका थिए ।'

यस प्रसंगमा पूर्व प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहालले लेखकसँग भनेका छन् – 'माओवादी सेनालाई कायमै राखेर संविधान सभा चुनावमा जान गिरिजाबाबु त्यसै सहमत हुनु भएको होइन । नेपाली सेनाबाट धोका हुन सक्छ भनेर नै हो । होलेरीमा सेनाले धोखा दिएको विषय हामीसँग धेरैपटक भन्नुभएको छ ।'

जनआन्दोलन सफल भएर सरकार बनाउँदासमेत कोइराला सेनासँग पूर्णरुपमा आश्वस्त हुनसकेका थिएनन् । त्यही परिवेशमा प्रधानमन्त्री कोइरालालाई राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक पद्धतिमा सेनाले कहिल्यै धोका नदिने विश्वास दिलाएर प्रधानसेनापतिमा नियुक्त भएका थिए कटवाल । कोइरालाको मन जित्न सेनापति नियुक्त भएलगत्तै कटवालले होलेरी घटना र तिनताका सेनाले गरेका गतिविधिसम्बन्धी कागजात र भिडियोको अध्ययन गरी आफ्नो निष्कर्ष प्रधानन्त्रीलाई सुनाएको प्रसंग आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

होलेरी काण्ड हुँदा राजा ज्ञानेन्द्र संसदवादी दल र माओवादीलाई एक आपसमा जुधाएर शासन सत्ता हातमा दिने रणनीतिक खेलमा थिए । त्यहीबेला राजाले प्रमुख विपक्षी दल नेकपा एमालेका महासचिव माधवकुमार नेपाललाई भनेका रहेछन् – 'होलेरीमा प्रधानमन्त्रीको आदेश हुँदाहुँदै पनि मैले सेना परिचालन हुन नदिएको हो ।'

यस प्रसंगमा पूर्वप्रधानमन्त्री कोइरालाले लेखकलाई सुनाएका थिए – 'राजासँग सम्बन्ध बिग्रिएपछि एक दिन माधवजीले मलाई भन्नुभयो – सुन्नुभयो गिरिजाबाबु राजाले मसँग के भनेका थिए । होलेरीमा सेना मैले नपठाएको हो ।'

*बाह्रखरीडटकम*

# मिचाहा वनस्पति : व्यवस्थापन र उपयोगिता



आशिष पौडेल

**पारिस्थितिकीय प्रणालीलाई नै धरापमा पार्ने मिचाहा प्रजातिको असर जैविक, पर्यावरणीय, आर्थिक एवं मानव स्वास्थ्यमा हुन्छ**

भौगोलिक तथा जलवायुको विविधताको कारणले गर्दा क्षेत्रफलको अनुपातमा नेपालमा धेरै प्रकारका पारिस्थितिकीय प्रणाली पाइन्छन् । विविध प्रकारका पारिस्थितिकीय प्रणालीको उपलब्धताको कारण नेपाल जैविक विविधताको अथाह भण्डारको रुपमा परिचित छ । जैविक विविधताको असर मानवजीवनको पर्यावरणीय मात्र नभई धार्मिक, सामाजिक र आर्थिक पाटोमा पनि परिरहेको छ ।

मानव जीवनको महत्वपूर्ण अंग भए पनि विभिन्न कुराहरुको प्रभावले गर्दा जैविक विविधता संख्यात्मक तथा गुणस्तरको रुपमा ह्रास हुने क्रममा छ । जैविक विविधतामा ह्रास ल्याउने धेरै कुराहरु मध्यको १ हो, मिचाहा वनस्पति अथवा वाह्य मिचाहा वनस्पति । आफ्नो प्राकृतिक तथा भौगोलिक क्षेत्रबाट नयाँ ठाउँमा पुग्ने प्रजातिहरुमध्ये कतिपयले अतिक्रमण गरी त्यहाँ रहेका स्थानीय प्रजाति एवं पर्यावरणीय चक्र समेतलाई असर गर्ने वा असर पार्ने क्षमता राख्छन् । त्यस्ता वनस्पतिका प्रजातिलाई वाह्य मिचाहा वनस्पति भनिन्छ । यी मिचाहा वनस्पतिको प्रसारण प्राकृतिक माध्यम तथा मानवीय माध्यम दुवै तरिकाबाट हुने भएता पनि, मानव सभ्यता, कृषि प्रणाली र विज्ञान प्रविधिको विकाससँगै मानव जीवनमा आएको परिवर्तन र विश्वव्यापीकरणलाई प्रसारणको मुख्य कारण मान्न सकिन्छ ।

यसरि त्यस्ता वनस्पतिको प्रसारण जानेर वा अन्जानमै गरियो र ती वनस्पति नयाँ ठाउँमा पुगेर मिचाहा हुन थाले । नेपालमा पनि कतिपय वनस्पतिहरु यात्रीसँग वा बिउबिजनसँग मिसिएर आएका छन् अनि कतिपय वनस्पतिहरु कृषि, वागवानी र वनमा प्रयोगका लागि भित्र्याइएका छन् । यसरी अन्य महादेश वा ठाउँहरु बाट भित्र्याइएका वा आएका वनस्पतिहरुको कुल संख्या एक अध्ययनको अनुसार १ सय ७९ छ भने ती मध्यका २५ प्रजाति मिचाहा प्रकृतिका छन् । ती २५ वटा प्रजातिमध्ये ४ वटा ( लहरे वनमारा, सेतो वनमारा, जलकुम्भी र वनकाँडा (ल्यान्टाना ) विश्वका १ सय खराब मिचाहा प्रजातिमा पर्दछन् भने नेपालका २५ वटा प्रजातिमध्ये ६ वटालाई (लहरे वनमारा/माइकेनिया, पातीझार/पार्थेनियम, जलकुम्भी, कालो वनमारा, सेतोवनमारा, वनकाँडा/ल्यान्टाना) उच्च जोखिमयुक्त मिचाहा प्रजाति भनि वर्गीकरण गरिएको छ ।

मिचाहा प्रजातिहरु धेरै खालका वातावरणीय स्थितिहरुमा बाच्ने, नयाँ वासस्थानमा छिट्टै अनुकुलित हुने गर्छन् । अत्याधिक बिउ उत्पादन र अन्य माध्यमबाट समेत पुनर्उत्पादन गर्ने जस्ता क्षमता भएका यिनीहरुले नयाँ ठाउँमा अतिक्रमण गरेर रैथाने प्रजातिहरुलाई विस्थापित गरी तिनीहरुलाई सकंटमा पार्न सक्छन् । यसरी पारिस्थितिकीय प्रणालीलाई नै धरापमा पार्ने मिचाहा प्रजातिको असर जैविक, पर्यावरणीय, आर्थिक एवं मानव स्वास्थ्य आदि क्षेत्रमा हुन्छ ।

बाह्य मिचाहा वनस्पतिको बहुआयामिक असरको उदाहरणको रुपमा लहरे वनमारा (माइकेनिया )ले नेपालको तराई क्षेत्रमा पारेको असर, पातीझार ( पार्थेनियम) अनि सेतो वनमाराले खेतवारीमा पारेको असर र जलकुम्भीले सिमसारमा पारेको असर आदिलाई लिन सकिन्छ । नेपालको पूर्वी तराईबाट प्रवेश गरी पश्चिमतिर पुगिसकेको लहरे वनमाराले बीचमा पर्ने संरक्षित क्षेत्रभित्र मात्र नभई अरु वनक्षेत्रमा पनि अतिक्रमण गरी गैंडा लगायत वन्यजन्तुको वासस्थान विनास, आहारमा ह्रास जस्ता पर्यावरणीय असर गरेको छ एवं मध्यवर्ती क्षेत्रहरुका बासिन्दालाई यसले आर्थिक रुपमा असर गरेको छ । सन् २०१२ मा प्रकाशित एक अध्ययन प्रतिवेदनको अनुसार माइकेनियाको ब्यवस्थापनका लागि १ किसानले प्रतिवर्ष २ हजार ५ सय जति खर्च गर्न तयार रहेको देखाएको थियो ।

यसरी मिचाहा वनस्पतिको बहुआयामिक असरलाई मध्यनजर गर्दा, यस्ता प्रजातिको व्यवस्थापन र नियन्त्रण गरिहाल्नु पर्ने देखिन्छ । तर यिनको उच्च फैलावट र छिटो पुनर्उत्पादनका कारणले गर्दा व्यवस्थापन र नियन्त्रण चुनौतीपूर्ण छ । अझ बढ्दो विश्वव्यापीकरण, जलवायु परिवर्तन आदिको असरले यिनीहरुको फैलावट अझ बढ्ने अनुमान गरिएको छ ।

ठाँउ, प्रजाति र अवस्था अनुसार व्यवस्थापनका उपायहरु फरक-फरक हुन सकेता पनि सामान्यत वाह्य मिचाहा वनस्पतिको व्यवस्थापन र नियणत्रणका लागि निम्न उपायहरु अबलम्बन गर्न सकिन्छ ।

नयाँ मिचाहा प्रजाती भित्रन नदिनु (कृषि उत्पादन र अन्य सामान निर्यात गर्दा उचित तरिका अपनाउने र कडा क्वारेन्टिन सुरक्षा नीति पालाना गर्ने), नयाँ ठाउँमा अतिक्रमण हुन नदिने, फैलिसकेको स्थानमा नियणत्रण गरेर प्रभाव र घनत्व रोक्नु (भौतिक, रासायनिक र जैविक विधिहरु प्रयोग गरेर) । भित्रन नै नदिनु प्रभावकारी उपाय भए पनि, भित्रिसकेर फैलिएको अवस्थामा व्यवस्थापन र नियन्त्रणको लागि जैविक विधि (मिचाहा प्रजातिको प्राकृतिक शत्रुलाई निश्चित प्रक्रियाबाट छानेर अतिक्रमित क्षेत्रमा छोड्नु : जस्तै कालो वनमारा नियन्त्रणका लागि गल फ्लाई नामक किराको प्रयोग विभिन्न ठाउँहरुमा गरिएको थियो ) दीर्घकालीन रुपमा दिगो, वातावरण मैत्री र सस्तो हुने कुरा विभिन्न अध्ययनहरुले पुष्टि गरेका छन् ।

वाह्य मिचाहा वनस्पतिको नियन्त्रणका र व्यवस्थापन गर्न लामो समय र धेरै स्रोतहरु लागेता पनि कतिपय प्रजातिहरुलाई स्थानीय रुपमा विभिन्न तरिकाले प्रयोगमा ल्याउन सकिन्छ । जस्तै जलकुम्भीलाई ग्रीन म्यानुअर, कम्पोस्ट मल, मल्चिङका रुपमा प्रयोग गर्न सकिन्छ भने सेतो वनमारालाई जैविक मल, वायोचार, वायोबिक्रेट एवं कतिपय अवस्थामा औषधीको रुपमा प्रयोग गरेको पनि पाइन्छ । यस्तै कालो वनमारालाई जैविक किटनाशक, ग्रीन म्यानुअर र मल्चिङका रुपमा प्रयोग गरिएको छ भने नेपालका विभिन्न भागहरुमा ल्यान्टेनाबाट बायोचार, बायो बिक्रेटहरु बनाउने स्थानीय कार्यक्रम र अनुसन्धान चलिरहेका छन् ।

यसरी वाह्य मिचाहा वनस्पतिका प्रजातिहरुलाई स्थानीय तवरमा जैविक मल, जैविक ऊर्जा र औषधीय गुणसँग जोड्दै प्रयोगमा ल्याउन सकियो भने स्थानीय जनसमुदायको जीविकोपार्जन सुधारमा टेवा पुग्छ । नियन्त्रण र व्यवस्थापनमा स्थानीय जनसमुदायको भूमिका बढ्छ, चेतनाको बृद्धि हुन्छ जसका कारणले व्यवस्थापन र नियण्त्रणको प्रयास दिगो हुन सक्छ ।

बेलैमा उचित कदम चाल्न नसकेको अवस्थामा मिचाहा वनस्पतिका प्रजातिहरुले जैविक विविधता, पारिस्थितिकीय प्रणाली, कृषि र मानव जीवनमा अपूरणीय हानी पुऱ्याउने भएकाले सरकारका सबै तह एवं सरोकारवाला निकायहरुले आवश्यक व्यवहारिक रणनीतिहरु तयार गरि, आर्थिक, सामाजिक सबै कोणबाट योग्य तरिकाहरु प्रभावकारी रूपमा लागु गरिनु अत्यावश्यक छ ।

*पौडेल बिएस्सी फरेस्ट्री तेस्रो वर्षका विद्यार्थी हुन्*

## आजको राशिफल

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
अनावस्यक गतिविधि घट्ने छन् । दैनिक काममा प्रगति हुनेछ । व्यापार व्यवसामा सुधार आउनेछ । शारीरिक एवं मानसिक स्फूर्ति बढ्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
समयले कम साथ दिनेछ । जोखिम पूर्ण काममा हात नहाल्नु होला । सुरक्षित यात्रा अप्नाउनु होला, चोटपटकको भय देखिन्छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
समयले साथ दिनेछ । शारीरिक एवं मानिसक स्फूर्ति बढ्नेछ । मिलेर काम नगर्नु होला । आफन्तबाट सहयोग मिल्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
ग्रह, गोचर सामान्य अनुकुल देखिन्छ । काममा सरलता आउनेछ । पुराना कार्य योजना अगाडि बढ्ने छन् । इच्छा शक्ति बढ्नेछ ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,ट्र,टे)
समयमा थोरै सुधार आउनेछ । रोकिएका काम विस्तारै अगाडि बढ्ने छन् । व्यापार व्यवसायबाट खासै लाभ हुने छैन ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
प्रतिकुल परिस्थितिको सामना गर्नु पर्ला । धन सम्पतिको विषयमा विवाद पर्न सक्छ । चिन्ता थपिनेछ,आलस्यता बढ्नेछ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
शत्रु माथि विजय हुनेछ । गरेका अधिकाँश काम सफल हुनेछन् । स्वास्थ्य अनुकुल रहला । आर्थिक कारोवारमा सुधार आउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
सवैलाई आफ्नो ठान्नु गलत हुनेछ । लक्ष्य प्राप्तिको लागि संघर्ष गर्नु पर्नेछ । ऋण लगानी नबढाउनु होला ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
दुविधामा नपरि काम गर्नु होला । समयमा निर्णय लिन सकिएन भने आफ्नो काममा अरुले अधिकार जमाउने छन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
तन, मन र धनको कमजोर देखिन्छ । पारिवारिक समस्या बढ्नेछ । व्यापार व्यवसायबाट सोचे जस्तो लाभ लिन सकिने छैन ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
समयले थोरै साथ दिनेछ । साहास,धैर्यता र पराक्रम बढ्नेछ । अधुरा काम धेरै जसो सम्पन्न हुनेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
धन लगानी नगर्नु होला श्रम लगानीमा कमि आउन नदिनु होला । अरुको भर नपर्नु होला ।

# दुर्लुङका पहिरो पीडितलाई हङकङबाट साढे ५ लाख सहयोग

**समाधान संवाददाता**
पोखरा, २९ असार



पर्वतको कुस्मा नगरपालिका ३ दुर्लुङमा गएको पहिरोका पीडित परिवारलाई दुर्लुङ सम्पर्क मञ्च हङकङले आर्थिक सहयोग गरेको छ । दुर्लुङ सम्पर्क मञ्च हङकङले आइतबार ५ लाख ३६ हजार ९६ रुपैया आर्थिक सहयोग गरेको हो ।

कुस्मा नगरपालिका वडा नं ३ को आयोजनामा भएको कार्यक्रममा पीडित परिवारलाई मञ्चका सहसचिव विरोधविक्रम गुरुङले नगद सहयोग हस्तान्तरण गरे ।

मञ्चको तर्फबाट परिवारका सदस्य गुमाएका ओमबहादुर थापा र विकास विकलाई प्रतिपरिवार २ लाखका दरमा आर्थिक सहयोग गरेको छ । माइतीमा आएका बेला मृत्यु भएकी दिर्पा थापाको परिवारलाई ७० हजार सहयोग गरेको छ । पहिरोमा घर भत्केका विनोद सार्कीलाई २५ हजार, भुवन गिरीलाई १२ हजार १ सय सहयोग गरेको छ ।

पहिरोमा विस्थापित भएका नन्दी गुरुङ र पशुपति सिञ्जालीलाई प्रतिपरिवार १२ हजार रुपैयाँका दरमा सहयोग गरिएको छ । पहिरोको समयमा मानवीय उद्दारमा खटिएकी स्वास्थ्य चौकीकी कार्यलय सहयोगी ईश्वरी शर्मालाई पनि ५ हजार सहयोग गरिएको छ । मञ्चले हङकङमा सहयोग रकम संकलन गर्ने क्रममा पर्वत क्लब हङकङ र नमोबुद्ध आमा समूह हङकङको पनि ठूलो सहयोग रहेको अध्यक्ष मञ्चका अध्यक्ष उदिम गुरुङले जानकारी दिए ।

सहयोग रकम हस्तान्तण गर्दै मञ्चका सहसचिव विरोधविक्रम गुरुङले दुर्लुङमा भएको मानवीय क्षतिले देश विदेशमा रहेका दुर्लुङबासी र शुभेच्छुकहरुलाई पीडाबोध भएको बताउँदै सम्पर्क मञ्चले आफ्नो गाउँमा भएको पीडामा थोरै भएपनि सहयोग गरेर पीडामा मल्हम लगाउने काम गरेको बताए । 'पहिरोका कारण अकल्पनीय मानवीय क्षति भएको चर्चा गर्दै सहसचिव गुरुङले यस्तो विपदको घडीमा सबैले एक भएर पीडित परिवारको राहात र उद्धारको काममा लाग्दा पीडित परिवारलाई राहत र समुदायको बिचमा एकताको सन्देश जान्छ,' उनले भने ।

उनले दुर्लुङबासी, चेलीबेटी र शुभेच्छुकहरुको सहयोगमा नै रकम संकलन गर्न सम्भव भएको बताउँदै माइतीमा आएकी चेली र भान्जाको नाममा नमुना अक्षयकोष स्थापना गर्न रकम संकलन भइरहेको पनि जानकारी दिए । 'दिर्पा–विवेक अक्षयकोषको रकमले भविश्यमा बाढी, पहिरो, आगलागी लगायत प्राकृतिक प्रकोपबाट पीडित परिवारलाई राहत दिने उद्देश्यले नवप्रतिभाशाली युवा क्लबले अक्षयकोष स्थापना गर्न लागेकोले देशविदेशबाट सहयोग रकम जुटिरहेको छ,' भने ।

कुस्मा नगरपालिका वडा नं ३ का अध्यक्ष तेजप्रसाद पाध्याले दुर्लुङमा भएको प्राकृतिक विपत्तिमा देश विदेशबाट ठूलो रकम सहयोग भएको बताए । 'संघीय सरकार, प्रदेश सरकार र स्थानिय तहबाट पनि राहत र पुन:स्थापनाका लागि काम भइरहेको छ,' उनले भने । कार्यक्रममा स्वागत वडा सदस्य यमनाथ शर्मा र सञ्चालन वडा कार्यालयका सचिव यामप्रसाद शर्माले गरेका थिए । दुर्लुङमा जेठ ३१ गते राति गएको पहिरोमा ९ जनाको मृत्यु भएको थियो । धेरै परिवार विस्थापित भएका छन् । पहिरो गएपछि रोकथाम र पुन:स्थापनाको काम समेत भइरहेको छ ।

# पहिरोले ७ घर विस्थापित

स्याङ्जा, २९ असार (समाधान) - अविरल वर्षासँगै ठाउँठाउँमा गएको पहिरोले जिल्लाका विभिन्न ठाउँमा घर, गोठ, भत्केका छन् भने बाटोहरु अबरुद्ध भएका छन् ।

वर्षासगैको पहिरोका कारण पुतलीबजार नगरपालिका १ मा एक जना गम्भीर घाइते भएका छन् । सिद्धार्थ राजमार्गमा माथिबाट पहिरो खस्दा पुतलीबजार ११ घर भई कोठा भाडामा लिएर सिलाई काम गरी बस्ने ६९ वर्षीय बुद्धिराम नेपाली गम्भिर घाइते भएका हुन् ।

राजमार्ग माथिको पहिरोका कारण जोखिमका रहेका ५ घरका ४० जनालाईसुरक्षित स्थानमा सारिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजेन्द्र अधिकारीले जानाकारी दिए । यस्तै अर्जुनचौपारी ६ बोडीखोलामा इन्द्रप्रसाद पंगेनीको गोठ पहिरोले पुरिँदा १ भैसी र ३ बाख्रा मरेका छन् भने ६ लाख ८० हजार बराबरको क्षति भएको प्रहरीले अनुमान गरेको छ ।

यस्तै हरिनाश गाउँपालिका ४ का लुबहादुर रानाको २ तले कच्ची घरको पूर्व पट्टिको कोठा, भान्छा कोठा र गोठ पहिरोले क्षति पुर्‍याएको छ भने भैंसी र पाडी मरेको अधिकारीले जानाकारी दिए । पहिरोले ३ लाख बराबरको क्षति भएको छ भने ८ जनाको परिवार छिमेकी लीलबहादुर रानाको घरमा सरेको छ । यस्तै पुतलीबजार १ ट्राफिक चोकको सार्वजनिक शौचालयको तलबाट झरेको पहिरोले त्रिभुवान आदर्श बहुमुखी क्याम्पसको ४ वटा कोठाको सिसा फुटेको, चार थान कम्प्युटरमा क्षति पुगेको छ । बिरुवा गाउँपालिका ८ मोचाबारीका तुलबहादुर गुरुङको २ तले कच्ची घर अविरल वर्षाको कारण भत्किएको छ र परिवारलाई स्थानान्तरण गरिएको छ ।

यस्तै विरुवा ६ चिन्नेवासकी अस्मिता विकले पालेका ३ सय २० वटा कुखुरा रहेको फर्ममा पानीको भल पसी पुरिएको र सबै कुखुरा मरेको अधिकारीले जानाकारी दिए ।

## हार्दिक समवेदना



**जन्म मिति:**
वि.सं. २०२९/५/१६ गते

**स्वर्गारोहण मिति:**
वि.सं. २०७७/०३/१९ गते

**स्व. राधाकुमारी अधिकारी**

यस संस्थाका शेयर सदस्य **राधा कुमारी अधिकारी** (३१८) को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

**किसान जागरण बहुमुखी सहकारी संस्था लि.**
पोखरा-७, मासबार

# सिटिजन्स जुरीले कर्मचारी सम्मान गर्ने

पोखरा, २९ असार (समाधान) -भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था (सिटिजन्स जुरी) ले कास्कीमा कार्यरत कर्मचारीलाई उत्कृष्ट राष्ट्र सेवक कर्मचारीको रुपमा सम्मान गर्ने भएको छ ।

कोराना भाइरस संक्रमण न्यूनीकरणको लागि सरकारले जारी राखेको लकडाउनबीच जटिल समयमा समेत नागरिक सरोकार, वातावरण एवं सम्पदा संरक्षण लगायत सुशासन प्रवर्द्धनमा विशेष योगदान पुर्‍याउने सरकारी कर्मचारीलाई सम्मान गरिन लागेको संस्थाका अध्यक्ष वरिष्ठ अधिवक्ता तीलक पराजुलीले जानकारी दिए ।

संस्थाको आइतबार बसेको बैठकले प्रतिभा छनोटका लागि रामबहादुर पौडेलको संयोजकत्तवमा ३ सदस्यीय छनौट समिति गठन गरेको छ । सदस्यमा शशि तुलाचन र इन्द्रकमल मानन्धर छन् । संस्थाको आगामी भदौ ७ मा पोखरामा हुने वार्षिक साधारणसभामा सम्मान अर्पण गरिने सहसचिव शशि तुलाचनले बताइन् ।

## हार्दिक समवेदना



**जन्म मिति:**
वि.सं. १९९७ असोज २२

**स्वर्गारोहण मिति:**
वि.सं. २०७७ असार १८

**स्व. मोहनमाया पालिखे**

पोखरा-३, नदीपुर ज्ञानमार्ग निवासी हाम्रा अनन्य मित्र, शुभचिन्तक सदस्य **श्री कविन्द्रमान पालिखे र सुरेन्द्र पालिखे**को ममतामयी माता तथा शेयर सदस्य **कल्याणीदेवी राजभण्डारी**को श्रद्धेय सासु **मोहनमाया पालिखे**को यही मिति २०७७ असार १८ गते बिहीबारका दिन ८० वर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको वैकुष्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा समस्त शोकाकुल परिवारजन, ईष्टमित्र र शुभचिन्तकहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अर्जुनप्रसाद नागिला**
अध्यक्ष एवं
**सक्षम बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार, पोखरा-३, नदीपुर**

## हार्दिक समवेदना



**जन्म मिति:**
वि.सं. २००६/०५/१८ गते

**स्वर्गारोहण मिति:**
वि.सं. २०७७/०३/१८ गते

**स्व. खेमलाल गैरे भट्टराई**

यस माउण्ट अन्नपूर्ण ह्याचरी उद्योग पोखराका सञ्चालक, पोल्ट्री व्यवसायी संघ कास्कीका सदस्य, सेवा पोल्ट्री सप्लायर्सका प्रोपाइटर तथा सञ्चालक सदस्य **हरि भट्टराई**का पुजनीय पिता **खेमलाल गैरे भट्टराई**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको वैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नारायणप्रसाद आचार्य**
अध्यक्ष एवं
**माउण्ट अन्नपूर्ण ह्याचरी उद्योग परिवार, पोखरा, लामाचौर**

## हार्दिक समवेदना



**जन्म मिति:**
वि.सं. २००६/०५/१८ गते

**स्वर्गारोहण मिति:**
वि.सं. २०७७/०३/१८ गते

**स्व. खेमलाल गैरे भट्टराई**

यस पोल्ट्री व्यवसायी संघ कास्कीका सदस्य, सेवा पोल्ट्री सप्लायर्सका प्रोपाइटर तथा माउण्ट अन्नपूर्ण ह्याचरी उद्योग पोखराका सञ्चालक सदस्य **हरि भट्टराई**का पुजनीय पिता **खेमलाल गैरे भट्टराई**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको वैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गुरुप्रसाद पौडेल**
अध्यक्ष एवं
**पोल्ट्री व्यवसायी संघ कास्की परिवार**


**के तपाईंको Printer मा कुनै समस्या छ ?**

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
**त्यो पनि सस्तोमा**



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
**गण्डकी कम्प्युटर्स**
... the printer house
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, मो. ९८५६०-४१९३५, ९८५६०-६५९३५
९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-४०६४८

**528009**
**खानेपानी चाहिएमा**

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
**9802815296**
**9802815293**






### चाहियो
घर- १५० लाख सम्मको १ तले ।
घडेरी ८० लाखसम्मको,
घर- १ करोड सम्मको ।
सम्पर्क:
९८१९१२०३४०

### हेड कुक आवश्यकता
औद्योगिक क्षेत्रमा रहेको प्रतिष्ठित उद्योगको लागि ***१ जना हेड कुक आवश्यकता*** परेको हुँदा इच्छुक अनुभवी व्यक्तिहरुले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।
योग्यता: +२ पास
अनुभव: कुक सम्बन्धी कम्तिमा ५ वर्ष प्रतिष्ठित संस्थामा काम गरेको ।
सम्पर्क मो.नं.:
९८०२३०५३१८

### तु-आवश्यकता
कुक हेल्पर- २ जना
वेटर हेल्पर- २ जना
तन्दुरी कुक- १ जना
म:म, चाउमिन- १ जना
डिस वासर- १ जना
सम्पर्क:
९८०४१-२०२७१,
९८८८४-२१७१८

### हेड कुक आवश्यकता
अमरसिंह, शिवचोकमा रहेको एक प्रतिष्ठित होटल तथा रेष्टुरेन्टको लागि **हेड कुक आवश्यकता** परेको हुँदा इच्छुक वा अनुभवी व्यक्तिहरुले निम्न ठेगाना तथा नम्बरमा सम्पर्क गर्नुहोला ।
*अनुभव: कुक सम्बन्धी ३ वर्ष र आफूसँग भएको डकुमेन्टसहित ।*
सम्पर्क:
९८५६०११५९७, ९८०६५१६२७२

### घडेरी बिक्रीमा
पोखरा-२७, तालचोक नजिकै रहेको २०x५० हातको आकर्षक घडेरी बिक्रीमा ।
*मूल्य ७५ लाख मात्र*
सम्पर्क:
९८४६८-५८५००

### घडेरी बिक्रीमा
स्थान: पोखरा-१४ (पोखरा नयाँ एयरपोर्टसँगै) आकार: २० बाई ३६
• एयरपोर्टको मापदण्डमा नपर्ने ।
• भविष्यमा पनि पर्न सक्ने सम्भावना नभएको ।
• आडैमा घर बनेको, तुरुन्त घर बनाउन सकिने ।
गगनगौडाको गोगन माविभन्दा थोरै माथिको १८ बाई ४५ को घडेरी पनि बिक्रीमा
सम्पर्क : ९८४६०-५९७६२

### संजय चाबी घर
सम्पूर्ण किसिमका गाडी, VW, Breja, Skoda, Hundai आदिका गाडीको चाबी तथा रिमोट बनाउनु परेमा हामीलाई सम्झनुहोला । होम सर्भिसको पनि व्यवस्था छ ।
सम्पर्क :
984604229
984636160
061-52152
नम्बर सेभ गर्नुहोला आपतमा काम लाग्नेछ ।

### Wanted
Well experienced, Intelligent, smart & good personality staff required for our, organization.
**Post: Few**
Apply: within 27 Ashad, (Bike or Scoter Licence required.)
Salary: Attractive.
Qualification: 10+2
Contact:
**Gantabya Annapurna Saving & Credit Co- Ltd.**
061-551591, 9802837086
Email: gascltd2075@gmail.com



२०७औं भानु जयन्तीका अवसरमा सोमबार पोखरा महानगरपालिका-११ फूलबारीस्थित भानु उधानमा रहेको आदिकवि भानुभक्तको शालिकमा माल्यार्पण गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्त । भानु वाङ्मय प्रतिष्ठान कास्कीले प्रत्येक वर्ष असार २९ गते यहाँ भानु जयन्ती मनाउँदैं आएको छ ।

*तस्बिर: राधिका कँडेल/रासस*

# लकडाउनका बेलाको पारिश्रमिक माग

**समाधान संवाददाता**
पोखरा, २९ असार

नेपाल यातायात स्वतन्त्र मजदूर संगठन गण्डकी प्रदेश कमिटीले सरकारले सार्वजनिक सवारीसाधन सञ्चालनको तयारी गरेका सन्दर्भमा यातायात मजदूरको सेवासुविधा, स्वास्थ्य सुरक्षाका सम्बन्धमा प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको ध्यानाकर्षण गराएको छ ।

कोभिड- १९ रोकथाम तथा नियन्त्रणका लागि गरिएको बन्दाबन्दीका कारण सार्वजनिक यातायात व्यवसाय तथा आश्रित श्रमिकको जीवनयापन अत्यन्तै कठिन भएको उल्लेख गर्दै सङ्गठनले यात्रुवाहक सवारी चलाउँदा यातायात श्रमिकको बीमा, सुरक्षाको प्रबन्ध मिलाउन

**सार्वजनिक गाडी चलाउँदा श्रमिकको बीमा, सुरक्षाको प्रबन्ध मिलाउन माग**

मुख्यमन्त्री गुरुङको ध्यानाकर्षण गराएको हो ।

संगठनका प्रदेश अध्यक्ष विष्णुबहादर खत्री क्षेत्रीले सवारी चलाउने यातायात श्रमिकलाई विश्वस्वास्थ्य संगठनले तय गरेका स्वास्थ्य सामग्री उपलब्ध गराउनुपर्ने बताए । यातायात श्रमिकको कोरोना बीमा अनिवार्य गराउनुपर्ने माग राख्दै ध्यानाकर्षणपत्रमा निजी विद्यालय, डिस्ट्रिब्युर्टस, कम्पनी, उद्योगलगायत क्षेत्रमा कार्यरत यातायात श्रमिकले बन्दाबन्दी अवधिभर पारिश्रमिक नपाएको हुँदा तुरुन्त उपलब्ध गराउन पहल गर्न अनुरोध गरिएको छ ।

लकडाउनका कारण कामबाट वञ्चित श्रमिकलाई राहत उपलब्ध गराइनुपर्ने उल्लेख गर्दै सङ्गठनले यातायात श्रमिकका छोराछोरीलाई लकडाउन अवधिभरको विद्यालयको अध्ययन शुल्क मिनाहा गर्नुपर्ने माग गरिएको छ ।

ध्यानाकर्षणपत्रमा एम्बुलेन्स चालकको हकमा संक्रमणबाट जोगिन व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ)लगायत अनिवार्य उपलब्ध गराउन आग्रह गरिएको छ । संगठनले प्रस्थान बिन्दुबाट यात्रुलाई गन्तव्य स्थानसम्म पुऱ्याइसकेपछि यातायात श्रमिकलाई सुरक्षाका साथ बस्ने प्रबन्ध गराउन माग गरेको छ । ट्याक्सीको मिटरमा भाडा समायोजन गराउन आग्रह गर्दै सङ्गठनले बन्दाबन्दी अवधिभर यातायात श्रमिकलाई घर भाडा छुट गराउन मुख्यमन्त्री गुरुङको ध्यानाकर्षण गराएको छ । संगठनले बैंकबाट कर्जा लिएर कारोवार गरेका स्वरोजगार यातायात श्रमिकको हकमा बन्दाबन्दी अवधिभरको किस्तामा छ महिना थप गरी किस्ता व्यवस्था गर्न माग गरेको छ । ध्यानाकर्षणपत्र बुझ्दै मुख्यमन्त्री गुरुङले यातायात मजदूरको माग जायज भएको उल्लेख गर्दै पूरा गर्न गण्डकी प्रदेश सरकारले पहल गर्ने बताए ।

## पहिराले २७ घर विस्थापित

लमजुङ, २९ असार (रासस) - अविरल वर्षाले मध्य नेपाल नगरपालिका-६ को दुई घर पहिराले बगाएको छ । पहिरोले सोमबार बिहान देवी कुँवर र बमबहादुर कुँवरको घर बगाएको स्थानीय रामचन्द्र पौडेलले बताए ।

त्यस्तै, शिरमणि भट्टराई, दिपेश भट्टराई, एकमाया दुरा, र हरिमाया परियारको घर पहिराले पुरेको स्थानीय पौडेलको भनाइ छ । एस्काभेटरले पहिरो हटाउने कार्य गरिरहेको छ । सो वडाका रानीपानीका १३ घर र लामासोतीका १४ घर गरी २७ घर विस्थापित भएको प्रहरीले जनाएको छ । उनीहरुलाई सोही वडाको इशानेश्वर माध्यमिक विद्यालयमा राखिएको छ ।

सो क्षेत्रका विभिन्न घर तथा बस्तीहरु जोखिममा रहेको र विभिन्न स्थानमा बाढी पहिरोले क्षति पुगेको प्रहरी नायब उपरीक्षक गंगाबहादुर थापाले बताए । सो क्षेत्रमा प्रहरी र स्थानीय मिलेर स्थानीयहरुलाई सुरक्षित स्थानमा लैजाने कार्य भइरहेको उनको भनाइ छ ।

## भानु सम्झँदै वृक्षरोपण

पोखरा, २९ असार (समाधान)- पोखरा जेसिजले भानुजयन्तीको अवसर पारी सोमबार वृक्षरोपण गरेको छ । पोखरा ३३ चिसापानी कुनास्थित सामुदायिक पार्क तथा भवन परिसरमा फलफूल तथा अन्य गरी ३ सय बिरुवा रोपिएको पोखरा जेसिजका अध्यक्ष शिवप्रसाद सापकोटाले बताए ।

पोखरा ३३ का अध्यक्ष शिवप्रसाद आचार्यले बिरुवा रोपेर कार्यक्रमको शुभारम्भ गरे । वडाध्यक्ष आचार्यले वृक्षरोपणका लागि उक्त क्षेत्र रोजेकोमा खुसी व्यक्त गर्दै स्वास्थ्य संस्था निर्माण, स्वास्थ्य सचेतना तथा परीक्षणलगायत जेसिजले गरेका कार्यको प्रशंसा गरे । जेसिजले सामुदायिक विकास क्षेत्र लक्षित गरी यो कार्यक्रम आयोजना गरेकाले अब संरक्षण र सम्वर्द्धनको जिम्मा स्थानीयको भएकाले संरक्षणमा ध्यान दिन उनले आग्रह गरे ।

पोखरा जेसिज वर्ष २०२० का अध्यक्ष शिव सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा जेसिज तथा नेपाल जेसिज पूर्वअध्यक्ष सिनेटर विकल शेरचनले वातावरण संरक्षणमा यस्ता कार्यक्रम महत्वपूर्ण रहेको धारणा राखे । कार्यक्रममा निवर्तमान अध्यक्ष सन्तोष शाही, पूर्वअध्यक्षहरू सिनेटर नारायण शर्मा, शिव कोइराला, संस्थाका कार्यक्रम संयोजक अर्जुनप्रसाद अधिकारी, तिलक लामिछाने, वृक्षरोपण कार्यक्रम संयोजक विजय बराल लगायतले बोलेका थिए ।

## जनप्रतिनिधिको सुविधा बढाएकोमा कांग्रेसको आपत्ति

**समाधान संवाददाता**
पोखरा, २९ असार

नेपाली कांग्रेस कास्कीले विषम परिस्थितिमा गण्डकी प्रदेश सरकारले जनप्रतिनिधिको सेवा सुविधा बढाएकोमा आपत्ति जनाएको छ ।

कास्की कांग्रेसको आइतबारको बैठकले जनप्रतिनिधिको सेवा सुविधा बढाउने निर्णय अव्यहारिक भएको



भन्दै आपत्ति जनाएको प्रवक्ता नवीन सिग्देलले बताए ।

बैठकले लकडाउनका कारण नराम्ररी प्रभावित बनेको यातायात, पर्यटन र उद्योग क्षेत्रलाई राहत दिन सरकारसँग माग गरेको छ । लकडाउनको अवधिलाई सुन्य मानेर कर र ऋणको व्याजमा समेत सहुलियत दिन माग गरेको छ । बैठकले साउन १० गते भित्र क्रियाशील सदस्यता नवीकरण र नयाँ आवेदन नामावली जिल्लालाई बुझाउन वडा कार्यसमिति र साउन २२ गतेभित्र नयाँ आवेदन क्षेत्रमार्फत् जिल्लालाई बुझाउन क्षेत्रीय समितिलाई निर्देशन दिएको छ ।

बैठकले बाढिपहिरोका पीडित परिवारलाई राहत र सुरक्षित बसोबासको व्यवस्था मिलाउन माग गरेको छ । साथै घाइते भएकाको शीघ्र स्वास्थ्य लाभको कामना, दिवंगतप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गरेको छ ।

बैठकले मादी गाउँपालिका ४ मा असार २७ गते सामान्य घरासयी विवादमा नमराज सापकोटाले नेपाली कांग्रेसका क्रियाशील सदस्य पीताम्बर सापकोटाको हत्या गरेको घटनाको निन्दा गरेको छ । सोही घटनामा घाइते भई मणिपाल शिक्षण अस्पतालमा उपचार गराइरहेका साविक थुमाकोडाँडा गाविसका उपाध्यक्ष केशव सापकोटाको शिघ्र स्वास्थ्य लाभको कामना गरेको छ । बैठकले सो घटनाका दोषीलाई कडा कारवाही गर्न माग गरेको छ । बैठकले प्रजातन्त्र सेनानी स्व.नारायणदत्त रानाभाटकी धर्मपत्नी, पूर्व महामन्त्री तारानाथ रानाभाट र कास्की जिल्ला सचिव देवेन्द्र रानाभाटकी आमा खिमकुमारी रानाभाटको निधन भएकोमा दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरी परिवारजनमा समेवदना व्यक्त गरेको छ ।

## अनुदानमा हाते ट्र्याक्टर

स्याङ्जा, २९ असार (समाधान) - पुतलीबजार नगरपालिकाले किसानलाई ८५ प्रतिशत अनुदानमा ५० वटा हाते ट्र्याक्टर वितरण गरेको छ ।

नगरपालिकाले वडा कृषकको माग अनुसार प्रत्येक वार्डमा कम्तीमा ३ वटा र बढीमा ५ वटा हाते ट्र्याक्टर वितरण गरेको हो । ५४ हजार ५ सय रुपैयाँ परेको ट्र्याक्टरको किसानले ८ हजार १ सय ७५ रुपियाँमा खरिद गरेका हुन् ।



नगरपालिको साढे ५ हर्ष पावरका डिजेलबाट चल्ने हाते ट्याक्टर प्रदान गरेको हो । विगतमा ५० प्रतिशत तिरेर ट्र्याक्टर लिने गरेका कृषले जिल्लामै पहिलो पटक १५ प्रतिशत मात्र तिरेर हाते ट्र्याक्टर पाएको नगर प्रवक्ता ख्यामनारायण अधिकारीले बताए ।

किसानहरुलाई कृषि क्षेत्रमा प्रविधिमैत्री बनाउने उदेश्यले नगरपालिकले सहुलियतमा मिनि टेलर प्रदान गरेको अधिकारी जानाकारी दिए । कार्यक्रममा गर्दै नगर प्रमुख सीमा क्षेत्रीले किसानका लागि सहज होस् भन्ने उदेश्यले अनुदानमा हाते ट्र्याक्टर प्रदान गरेको बताइन् । हाते ट्र्याक्टर (मिनी टिलर) चाडो खन्नुका साथै समयको बचत गर्ने भन्दै कृषक दुर्गाप्रसाद काफ्लेले छेउकुना गर्न समेत नपर्ने बताए ।

एक हल गोरुले गर्ने काम एक घन्टामा हाते ट्याक्टरले गर्ने भन्दै काफ्लेले आफूले विगत ५ वर्षबाट प्रयोग गर्दै आएको बताए ।

## एलजीको वासर ड्रायरको माग

**समाधान संवाददाता**
काठमाडौं, २९ असार

वर्षायामको सुरुवात भएसँगै नेपाली बजारमा एलजीको वासर ड्रायर वासिङ मेसिनको माग अत्याधिक बढेको कम्पनीले जनाएको छ । १० वर्ष वारेण्टी, एलर्जी मुक्त, ट्रु स्टिम, ६ मोसन डिरेक्ट ड्राइभजस्ता विशेषता सो वासिङ मेसिनको छ ।

एलजीमा विभिन्न मोडलका वासिङ मेसिन छन् । जसमा ८ देखि १८ केजीसम्मको लुगा धुने क्षमता साथै ५ देखि १० केजी सम्मको लुगा केही समयमै सुकाउने क्षमता छ । जसकारण वर्षायाममा भिजेको कपडाबाट हुने समस्या जस्तै सुकाउने समस्या, दुर्गन्ध आउने, लुगा खराब हुने जस्ता समस्याबाट छुटकारा पाउन सकिन्छ । एलजी ब्रान्डको आधिकारिक बिक्रेता चौधरी ग्रुपअन्तर्गतको सिजी इम्पेक्स प्रालि हो ।

यो वासिङ मेसिनबाट लुगा धोएपछि ९९.९ प्रतिशत एलर्जी मुक्त हुन्छ । ट्रु स्टिम: ट्रु स्टिम टेक्नोलोजिले किटाणुरहित बनाउनुका साथै कपडा खुम्चिनबाट बचाउँछ ।

हामीलाई
FOLLOW
गर्नुहोस्
twitter.com/ samadhan_news

## सूची दर्ता गर्ने बारेको सूचना !!!

*प्रथम पटक प्रकाशित मिति: २०७७/०३/३० गते*

यस कार्यालयलाई आ.व. २०७७/०७८ का लागि आवश्यक पर्ने वस्तु तथा सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म एवं संस्थाहरुबाट खरिद तथा आपूर्तिको सूची दर्ताको लागि दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थाको कार्यालयमा दरखास्त पेश गर्नु हुन जानकारी गराईन्छ । प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहीत रहनेछ ।

१. स्टेशनरी तथा सो सँग सम्बन्धित सामाग्रीहरु ।
२. कम्प्यूटर, फोटोकपी यूपिएस तथा सो सँग सम्बन्धित सामाग्रीहरु आपूर्ति एवं मर्मत ।
३. छपाई सम्बन्धी कार्यहरु ।
४. निर्माण सम्बन्धी सामाग्रीहरु ।
५. पोशाक तथा सो सँग सम्बन्धित सामाग्रीहरु ।
६. खाद्यान्न सामाग्रीहरु ।
७. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हवाइटिकटहरु ।
८. फर्निचर सामाग्रीहरु ।
९. मेडिकल सम्बन्धी सामाग्रीहरु (औषधि)
१०. विविध सामाग्रीहरु ।

**असल छिमेकी सहयोग संघ (गोनेसा)**
**ड्यामसाईड मार्ग, पोखरा-१७**
**सम्पर्क नं.: ०६१-४६६३२३**

**Province Government**
**Ministry of Social Development**
**Health Directorate**

## DAMAULI HOSPITAL

Byas-03, Tanahun, Gandaki Province

### Invitation for Electronic Bids for the Procurement of ICU Equipments

***Contract Identification No:*** *DH/NCB/15/076/077*
***Date of publication:*** *2077/03/29*

1. Province Government , Ministry of Social Development,Health Directorate, Damauli Hospital Byas-03 Tanahun, Gandaki Province has received a funds from Province Government towards the cost of Procurement of ICU Equipments and intends to apply part of the funds to cover eligible payments under the Contract for IFB No: DH/NCB/15/2076/077. Bidding is open to all eligible Bidders package wise basis.
2. The Province Government, Ministry of Social Development, Health Directorate, Damauli Hospital, byas-03 Tanahun, invites electronic bids from eligible bidders for the procurement of ***ICU Equipments for the fiscal year 2077/078, to be delivered at Damauli Hospital at Byas-03, Tanahun under national competitive bidding procedure specified in the Public Procurement Act and regulation.***
3. Intrested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Damauli Hospital, Byas-03, Tanahun, Gandaki Province, Telephone: 065-562603, E-mail: or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidding documents is available on online and can be download from e-GP system: https://bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document and bid security in the following bank.
   **Name of the Bank : Nepal Bank Limited Damauli Branch.**
   - Name of Office : **Damauli Hospital**
   - Rajaswa (revenue) title no. **:14229**
   - Rajaswa (Revenue) account no : **00101000000001001001**
   - Security deposit (Dharauti) Acc No : **Province-4Kha 2 Dharauti Khata N0: 06072000000002000001**
   - Office code no : **3500238044**
   - Bid Document fee : **3000.00**
5. Interested Bidder shall submit the Electronic Bids through https://bolpatra.gov.np/egp to the above office of Damauli Hospital, Byas-03, Tanahun, through https://bolpatra.gov.np/egp on or before 12:00 PM, 2077/04/27.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 2077/04/28 at the office of ***Damauli Hospital at Byas-03, Tanahun.*** Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid. The quantity mentioned in BOQ can be modify as per hospital's requirement. Office have the authority to cancelled the bidding process with or without assigning the cause.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contract are as follows:

| S.N. | Contract Identification | Description | Estimated cost inclusive vat | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | DH/NCB/15/076/077 | Procurement of ICU Equipment | 1,66,64,110.00 | 5,00,000.00 |

हार्दिक बधाई



डा. सुबास सापकोटा

यस ग्यालेक्सी हस्पिटलका
वरिष्ठ फिजिसियन
**डा. सुबास सापकोटा ज्यू**
काठमाण्डौ विश्वविद्यालय अन्तरगतको
मनिपाल शिक्षण अस्पतालमा
**D.M. Cardiology** को लागि
छनोट हुनुभएकोमा उहाँलाई
**हार्दिक बधाई तथा शुभकामना**
व्यक्त गर्दछौं ।

डा. हेमन्त कुमार मानन्धर
अध्यक्ष तथा
GALAXY HOSPITAL Pvt. Ltd. परिवार
Estd: 2019
"Healing Begins Here"
बुद्धचोक (उत्तमचोक), पोखरा-१०, कास्की, फोन : ०६१-४३०५११, ४३०५१२
ईमेल : galaxy.healthservice@gmail.com

समाधान मिडिया प्रालिका लागि अध्यक्ष : उमानाथ बराल, कार्यकारी सम्पादक : भरत कोइराला, सम्पादक : रामकृष्ण ज्ञवाली, कार्यालय: नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com